बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं. २३

बी.स. १०९ (२०७६/०७७) च.नं. ५०६९

मिति: २०७७/०१/२१

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा ।**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि सङ्क्रमणबाट सजग रही सम्पूर्ण बीमक, अभिकर्ता, सर्भेयर, सर्वसाधरणको जानकारीका लागि मिति २०७६।१२।२० को परिपत्र नं.२१ मा जारी भएका विषयहरुमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क) कोभिड-१९ को संक्रमणका कारण सृजना भएको असामान्य परिस्थितिमा बीमा अवधि समाप्त भएको बीमालेखको हकमा सम्बन्धित बीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा बीमालेख नवीकरण गर्ने व्यवस्थालाई लकडाउन अवधि सकिएको मितिले १५ (पन्ध्र) दिनसम्म कायम गर्ने व्यवस्था मिलाउने,

(ख) लकडाउनको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बीमा प्रिमियम बापतको रकम संकलन गर्ने अवधि २०७७ जेठ मसान्तसम्म थप गर्ने । उक्त अवधिको ब्याज नलाग्ने व्यवस्था मिलाउने,

(ग) २०७६ चैत र २०७७ बैशाख महिनामा नवीकरण गर्नुपर्ने बीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद असार मसान्तसम्म थप गरी सो वापत जरिवाना नलाग्ने व्यवस्था मिलाउने,

(घ) निर्जीवन बीमकले तत्काल सिर्जना हुने दाबी भुक्तानीको लागि विद्युतीय माध्यमबाट समेत निवेदन प्राप्त भएमा अवस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिने ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np